REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 25.05.2026

## DROUPADI MURMU

राष्ट्रपति Droupadi Murmu भोलिदेखि तीनदिने सिक्किम भ्रमणमा आउने भएकी छन्। प्राप्त जानकारी अनुसार राष्ट्रपति मर्मुले भोलि दिउँसो गान्तोकस्थित लिबिङ आर्मी हेलिप्याडमा अवतरण गरेपछि उनी लोक भवन प्रस्थान गर्नेछिन्। यसपटकको उनको सिक्किम भम्रण, गान्तोकमा आयोजना हुने Sikkim विश्व विद्यालयको 7औं दीक्षान्त समारोहसहित विभिन्न सरकारी कार्यक्रममा केन्द्रीत रहने छ ।

राष्ट्रपतिको भ्रमणलाई मध्यनजर गर्दै भोलिदेखि May 28 सम्म छाङ्गु लेकभन्दा माथि पर्यटक आवागमनमा प्रतिबन्ध लगाइने सम्भावना रहेको बताइएको छ। स्रोतहरूका अनुसार राष्ट्रपतिको सुरक्षा व्यवस्थाका कारण 26 May देखि 28 May सम्म छाङ्गु लेकभन्दा माथि यात्रा गर्न पर्यटकलाई पास जारी गरिने छैन।

## SPECIAL INTENSIVE REPORT

सोरेङ जिल्लाका जिल्ला निर्वाचन अधिकारी–एवं–जिल्लापाल Dhiraj Subedi ले आज सोरेङस्थित रर्बन कम्प्लेक्समा Special Intensive Revision (SIR) सम्बन्धी प्रशिक्षण कार्यक्रमको अध्यक्षता गरेका छन्। कार्यक्रमलाई सम्बोधन गर्दै जिल्लापाल सुबेदीले SIR अभ्यासको महत्व र आवश्यकतामाथि जोड दिँदै सबै अधिकारीहरूलाई पूर्ण गम्भीरता र समर्पणका साथ कार्य सम्पादन गर्न आग्रह गरेका छन्। उनले पुनरीक्षण प्रक्रियामा संलग्न सबै पक्षबीच समन्वयको आवश्यकता रहेको बताउँदै प्रत्येक तहमा देखिने अन्योलबारे स्पष्ट जानकारी लिन अधिकारीहरूलाई प्रोत्साहित गरेका छन्।

यसैबीच, उनले बीएलओहरूलाई SIR अभ्यासका क्रममा सतर्क र सक्रिय रहन निर्देशन पनि दिएका छन्।

## Jan Bhagidari Week: ‘Sabse Door, Sabse Pehle

जन भागीदारी सप्ताह – सबसे दूर, सबसे पहले” नामक राष्ट्रिय अभियान18  May देखि 25 May 2026 सम्म देशभरि पालन गरिएको छ। दुर्गम तथा जनजातीय समुदायसम्म सरकारी कल्याणकारी योजना र सेवाहरूको अन्तिम तहसम्म पहुँच सुनिश्चित गर्ने उद्देश्यले यो अभियान सञ्चालन गरिएको हो। अभियानले जनसहभागिता अभिवृद्धि, सरकारी योजनाबारे जनचेतना फैलाउने तथा सेवा कम पुगेका जनजातीय गाउँहरूमा लाभ  सुनिश्चित गर्ने माथि जोड दिएको थियो।

मंगन जिल्लाका जिल्लापालको  मार्गदर्शनमा सामाजिक कल्याण विभागले जिल्लाका 30 वटा जनजातीय गाउँहरूमा आईईसी अभियान तथा स्याचुरेशन बेनिफिट क्याम्प सञ्चालन गर्दै सप्ताह सक्रिय रूपमा पालन गरेको छ।

स्याचुरेशन क्याम्पहरूका क्रममा आधार कार्ड सेवा, अनुसूचित जनजातिका लागि प्रमाणपत्र सहजीकरण तथा अन्य सरकारी कल्याणकारी सेवाहरू लागायत आदि, सेवा केन्द्रमार्फत गाउँस्तरमै उपलब्ध गराइएको थियो। यसैबीच, जनजातीय समुदायका लागि स्वास्थ्य शिविर पनि आयोजना गरिएको थियो, जहाँ शारीरिक स्वास्थ्य परीक्षण सम्पन्न गरिएको थियो।

## म्याराथन म्यान अव सिक्किम

सिक्किममा म्याराथन म्यान अव सिक्किमको नामले प्रचलित अमर सुब्बाले आज पीएम श्री सरकारी कन्या उच्चतर माध्यमिक विद्यालय क्योङ्सामा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्दै विद्यार्थीहरूलाई अनुशासन, स्वास्थ्य, आत्मविश्वास र लक्ष्यप्रति समर्पित जीवन अपनाउन प्रेरित गरेका छन्। आफ्नो म्याराथन यात्रा र जीवन अनुभव साझा गर्दै उनले उमेर केवल सङ्ख्या मात्र भएको उल्लेख गर्दै निरन्तर मेहनत, लगनशीलता र आत्मविश्वासले नै सफलताको मार्ग खोल्ने उनले बताए।

## लाचेनमा विरोध प्रदर्शन

2023 को विनाशकारी बाढी पछि करिब तीन वर्ष बितिसक्दा पनि उत्तर सिक्किमतको लाचुङलाई जोड्ने सडक सम्पर्क पुनःस्थापना हुन नसकेको भन्दै लाचेनका बासिन्दाहरूले आज असन्तुष्टि व्यक्त गरेका छन्। स्थानीयवासीहरूले GREF ले चुंगथाङ–लाचेन सडक उचित समयभित्र पुनः सञ्चालनमा ल्याउन असफल भएको आरोप लगाएका छन्। उनीहरूका अनुसार सडक अवरुद्ध रहँदा लाचेनका बासिन्दाहरूले ठूलो कठिनाइ भोग्नुपरेको छ भने पर्यटन क्षेत्र प्रभावित हुनुका साथै स्थानीय अर्थतन्त्रमा समेत गम्भीर असर परेको छ। यसैबीच समाज कल्याण विभागका मन्त्री तथा क्षेत्र विधायक Samdup Lepcha ले असन्तुष्ट स्थानीयसँग कुराकानी गर्दै सिक्किमका मुख्यमन्त्री Prem Singh Tamang सँग यस विषयमा तत्काल बैठक गर्ने आश्वासन दिएका छन्। उनले सम्बन्धित निकायलाई पुनःस्थापना कार्य तीव्र बनाउन तथा दुर्गम क्षेत्रलाई शीघ्र सडक सञ्जालसँग पुनः जोड्न आग्रह गरेका छन्।

**आकाशवाणी गान्तोकबाट सुन्नुहुनुहुँदै थियो पुरा भयो**